आज मिति २०८२/०३/२९ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ६३ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोख्रेल | उपाध्यक्ष | दीपा |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

मालारानी गाउँपालिका, अर्घाखाँची
गाउँ कार्यपालिकाको ६३औं बैठक

मिति: २०८२।०३।२९
समय: बिहान ८.०० बजे
बैठकका प्रस्तावहरु

१ ६२ औं बैठकको समिक्षा सम्बन्धमा।
२ हालसम्माको आय-व्ययको विवरण सम्बन्धमा।
३ गाउँसभामा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
४ घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको न्यूनतम मुल्य सिफारिस सम्बन्धमा।
५ मनसुनजन्य विपद् व्यवस्थापनको लागि खरिद भएका त्रिपाल सम्बन्धमा।
६ सडक मर्मत सम्भारको लागि लेन्थ वर्कर परिचालन गर्ने सम्बन्धमा।
७ आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा
८ बिबिध/ समसामयिक विषयहरु सम्बन्धमा।

बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ता | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ६२ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।०३।०९ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका ७ वटै निर्णयहरु मध्ये गाउँसभामा पेश गर्न स्वीकृती प्रदान गरिएको विनियोजन विधेयक, २०८२, आर्थिक विधेयक, २०८२ गाउँसभा अधिवेशनमा पेश भएको र अन्य निर्णयहरु कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको सनिक्षात्मक विश्लेषलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | गाउँपालिकाको आ.व. २०८१।०८२ को कुल बार्षिक बजेट रु. ६२ करोड ९१ लाख ७२ हजार ४ सय ३८ मध्ये चालु खर्च तर्फ रु. ४४ करोड ५७ लाख ५४ हजार १ सय १९ र पुँजीगत खर्च तर्फ रु. १८ करोड ३४ लाख १८ हजार ३ सय १९ कायम भएकोबजेट मध्ये चालु तर्फ रु. ३८ करोड ९६ लाख ५० हजार ९ सय ३४ र पुँजीगत बजेट तर्फ रु. १४ करोड ८१ लाख १३ हजार १२३ रुपैया रकम खर्च भएको छ। जस अनुसार पुँजीगत तर्फ ८०.७५ प्रतिशत र चालु खर्च तर्फ ८७.४१ प्रतिशत खर्च भई हालसम्मको कुल खर्च प्रतिशत ८५.४७ रहेको वित्तिय प्रगति बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | गाउँसभामा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा | गाउँसभा अधिवेशनमा पेश गर्ने प्रस्तावहरु गाउँ कार्यपालिका बैठकबाट स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्था भएको। | १. मालारानी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना (२०८२।८३- २०८४।८५) संलग्न बमोजिम स्वीकृत गरी गाउँसभाको १९औं अधिवेशन मिति २०८२।०३।२९ गतेको बैठक संख्या ३ मा प्रस्ताव पेश गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| | | | २. विपद् व्यवस्थापन समितिको संलग्न बमोजिमको बार्षिक प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १९औं अधिवेशन मिति २०८२।०३।२९ गतेको बैठक संख्या ३ मा पेश गर्ने। | |
| | | | ३. मालारानी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका करार सेवा र ज्यालादारी कर्मचारीहरु, विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरुको आगामी आ..व.२०८२।८३ को सेवा सुविधा र करार सेवाको अबधी सम्बन्धित कर्मचारीसँग गरिने द्विपक्षीय सम्झौता बमोजिम हुने तथा सङ्घीय र प्रदेश सरकाको सशर्त अनुदान र कार्यविधि अनुसार नियुक्त भई कार्यरत रहेका कर्मचारीहरुको सेवा सुविधा र करार अबधि सम्बन्धित सरकारले तोके बमोजिम गर्ने र सो सम्बन्धिको प्रस्ताव गाउँसभाको १९औं अधिवेशन मिति २०८२।०३।२९ गतेको बैठक संख्या ३ मा पेश गर्ने। | |
| | | | ४. महालेखा परिक्षकको प्रतिवेदन सभामा पेश गर्नको लागि लागि स्वीकृत प्रदान गर्ने। | |
| | | | ५.सङ्घीय र प्रदेश सरकारमा संलग्न बमोजिमका योजनाहरु सिफारिस गर्नको लागि स्वीकृत गरी सो सम्बन्धिको प्रस्तावगाउँसभाको १९औं अधिवेशन मिति २०८२।०३।२९ गतेको बैठक संख्या ३ मा पेश गर्ने। | |
| ४ | घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको न्यूनतम मुल्य सिफारिस सम्बन्धमा। | घरजग्गा रजिष्ट्रेशनको लागि आ.व.२०८२।८३ को लागि बजार मुल्य अनुसारजग्गाको मुल्य कायम गर्ने प्रयोजनको लागि यस गाउँपालिका भित्रको जग्गाको मुल्य सिफारिसको लागि मालपोत कार्यालय अर्घाखाँचीबाट पत्र प्राप्त भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | मालपोत कार्यालय, अर्घाखाँचीबाट प्राप्त पत्र अनुसार आ.व.२०८२।८३ को लागि घरजग्गा रजिष्ट्रेशनको लागि जग्गाको न्यूनतम बजार मुल्य कायम गर्न यस गाउँपालिका भित्रका बजार क्षेत्र समेतका जग्गाको मुल्य साविक (आ.व.२०८१।८२ ) बमोजिमनै कायम गरिदिनको लागि सिफारिस गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

| प्रस्ता | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ५ | मनसुनजन्य विपद् व्यवस्थापनको लागि खरिद भएका त्रिपाल सम्वन्धमा | मन्सुनजन्य विपद् व्यवस्थापनको लागि खरिद भएका त्रिपालहरु वडा मार्फत विपद्को एकिन गरी वडाबाट राहत पुऱ्यानको लागि वडामा पठाउन कार्यपालिकाबाट निर्णय हुनुपर्ने | मनसुनजन्य विपद् व्यवस्थापन कार्यकालागि विपद् व्यवस्थापन कोषबाट खरिद भएका २५० थान त्रिपालहरु विपद्बाट प्रभावित व्यक्ति/ घरहरुलाई वडा कार्यालयबाट विपद्को प्रकृति यकिन गरी आवश्यक परेकाहरुलाई तत्काल राहत पुऱ्याउनको लागि वडा कार्यालयबाटै वितरण गरी निर्धारित ढाँचामा सोको भर्पाई गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने गरी देहायका वडाहरुमा तपशिल बमोजिमको संख्यामा त्रिपाल पठाउने अन्य<br>तपशिलः वडा नं. १,२,७ र ८ मा १३ ठुला र ३ साना गरी जम्मा १६/१६ वटा, वडा नं. ६ र ९ मा १४ ठुला र ४ वटा साना गरी जम्मा १८/ १८ वटा र वडा नं. ३,४ र ५ मा २० ठुला र ५ साना गरी जम्मा २५/२५ वटा | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | सडक मर्मत सम्भारको लागि लेन्थ वर्कर परिचालन गर्ने सम्वन्धमा। | स्तरोन्नती भएका सडकहरु वर्षायाममा मर्मत सम्भार गरी संरक्षण गर्नको लागि लेन्थवर्कर परिचालन गर्न आवश्यक देखिएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने | यस गाउँपालिकाबाट निर्माण गरिएका कालोपत्रे सडकहरुलाई मनसुन अबधि भर मर्मत सम्भार( नाली सफा गर्ने, स साना पहिरोहरु हटाउने , सडकलाई अवरोध गर्ने घाँस तथा सामान्य रुखहरु हटाउने जस्ता कार्यहरु) गरी सडक संरक्षण गर्नको लागि देहायका सडकहरुमा देहाय बमोजिमका संख्यामा लेन्थ वर्कर ( ज्यामीहरु) हरु २०८२।०४।०१ गते देखि ३ महिनाको लागि दैनिक ज्यालादारीमा परिचालन गरी निजहरुको ज्याला मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने।<br>१. ढुङ्गाडे प्रशासकीय भवन- सभाहल गुफा खन देउराली र लुटीपोखरी- वरम्कोट आँतेहसाँघु कालोपत्रे सडक खण्डको लागि ज्यामी संख्या २<br>देउराली -वामरुक -नरसिंहस्थान मो.बा. अन्तर्गतको कालोपत्रे खण्डको लागि ज्यामी संख्या २<br>अल्पाटारी- आरुखोर कालोपत्रे सडकको लागि ज्यामी संख्या १ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ७ | आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्वन्धमा | विभिन्न मितिमा औषधी उपचार र विपद् व्यवस्थापनको लागि आर्थिक सहयोग र जिन्सी सामाग्री माग भई आवश्यक कागजात सहित निवेदनहरु पेश भई कार्यालयबाट राहत स्वरुप उपलब्ध गराईएको आर्थिक सहयोग र जिन्सी सामाग्री कार्यपालिकाबाट अनुमोदन हुनुपर्ने। | यस गाउँपालिका स्थित विभिन्न व्यक्तिहरुले औषधी उपचार र विपद् राहतको लागि आर्थिक/ जिन्सी सहयोगको लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकोमा देहायका व्यक्तिहरुलाई निम्नअनुसारको आर्थिक र जिन्सी सामाग्री उपलब्ध गराईकोमा अनुमोदन गर्ने।<br>१.जोश बहादुर थापा वडा नं. ८ लाई क्यान्सर उपचार सहयोग रु. २५ हजार २. नारायण प्रसाद पोखेल वडा नं. ३ लाई विपद्तर्फको जस्तापाता ५८ पाता ६ फुटे र ७ पाता ७ फुटे | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |